# एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम कार्यविधि, २०७३
## (बाख्रा विकास कार्यक्रम)

१. अभिमुखिकरण:

यो कार्यक्रम संचालनका लागि जिल्ला पशु सेवा कार्यालय वा मातहतमा रहेको पशु सेवा केन्द्रले न्यून आय भएका एकल महिलाहरु पहिचान गरी गा.वि.स./ गाउँ पालिका छनोट गर्नु पर्नेछ। छनोट भएको गा.वि.स./गाउँ पालिका, वडालाई जिल्ला पशु विकास कार्यदलबाट अनुमोदन गराउनु पर्नेछ। जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्रले गा.वि.स./ गाउँ पालिका स्थित सरोकारवालाहरु सबैलाई आमन्त्रित गरि एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रमको बारेमा अभिभुखिकरण गरी १५ सदस्य रहने गरी एकल महिलाको १ समूह बनाइ कार्यक्रमलाई कार्यान्वयमा ल्याउनु पर्नेछ। प्रति एकल महिलाले २ वटा माउ बाख्रा खरिद गरी पालन गर्नु पर्नेछ। बाख्रा प्रजनन् को लागि प्रति समूहमा एक उन्नत/ क्रस बोका खरिद गर्नु पर्नेछ ।

**२. एकल महिला:**

एकल महिला भन्नाले आर्थिक दृष्टीले विपन्न देहायका महिला सम्झनु पर्दछ ।

क. सम्बन्ध विच्छेद गरेकी महिला ।

ख. विधवा महिला।

ग. पैतिस (३५) वर्ष उमेर पुरा गरेकी अविवाहित महिला ।

घ. पाँच वर्ष भन्दा बढी समय देखि पति हराएको वा वेपत्ता भएको महिला ।

**३. कार्यक्रम संचालन हुने जिल्लाहरु:**

क) झापा

ख) सुनसरी

ग) काठमाण्डौं

घ) म्याग्दी

ङ) कपिलबस्तु

४. बाख्रा खरिद:

स्थानिय स्तरमा रहेको जुम्ल्याहा बच्चा जन्माउने गुण भएको खरि माउ बाख्राबाट जन्मेको पाठी / बाख्रा खरिद गर्नु पर्ने छ । प्रति गोटा बाख्रा खरिद गर्न रु. ५०००। (पाँच हजार) का दरले हुन आउने रकम समूहले संचालन गरेको बैंक खातामा एकमुष्ठ जिल्ला पशु सेवा कार्यालयले अनुदान स्वरुप उपलब्ध गराउने छ । यसरी खरिद गरिने बाख्राको जिवित तौल कम्तिमा १५ के. जि. हुनु पर्ने छ। कुनै सहभागिले उन्नत बाख्रा खरिद गरि पालन गर्न चाहेमा आफ्नो श्रोतबाट रकम थप गरी खरिद गर्न सक्ने छन् ।

**५. प्रजननको लागि बोका खरिद:**

प्रजनन् का लागि बोकाको खरिद गर्न रु.१५०००।- (पन्ध्र हजार) अनुदान रकम समूहले संचालन गरेको बैंक खातामा उपलब्ध गराईने छ।

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

**६. खोर ब्यवस्थापन:**

बाख्रा पालनको लागि खोर निर्माण/सुधारको लागि प्रत्येक सहभागिहरुलाई रु.५०००।(पाँच हजार) का दरले अनुदान रकम उपलब्ध गराईने छ । नयाँ खोर निर्माण वा सुधार गर्दा पशु सेवा केन्द्र / जिल्ला पशु सेवा कार्यालयको परामर्समा गर्नु पर्ने छ र निर्माण/ सुधार कार्य सम्पन्न भईसकेपछि पशु सेवा केन्द्रको सिफारिसमा खोर व्यवस्थापन वापतको अनुदान रकम समूहले संचालन गरेको बैक खातामा जिल्ला पशु सेवा कार्यालयले एक मुष्ठ उपलब्ध गराउने छ।

**७. खोप:**

जिल्ला पशु सेवा कार्यालयबाट बाख्रालाई पि.पि.आर.रोगको विरुद्ध खोप अनिबार्य लगाइ दिनु पर्नेछ। यस्तो खोप लगाउनु पूर्व १५ दिन अगाडि आन्तरिक परजिवि विरुद्ध औषधि खुवाउनु पर्दछ ।

**८. परजीवी नियन्त्रण:**

प्राप्त बाख्राहरुलाई आन्तरिक परजिविहरुको विरुद्धमा ६ महिनाको एक पटकका दरले बर्षको २ पटक औषधि खुवाउनु पर्दछ ।

**९. बीमा:**

आफुले प्राप्त गरेका बोका तथा बाख्राहरुलाई कृषकले अनिवार्य रुपमा बीमा गर्नु पर्नेछ र यस कार्यका लागि जि.प.से.का. तथा पशु सेवा केन्द्रले आवश्यक सहयोग पु-याउनु पर्नेछ। विमित रकमको प्रिमियम वापत कृषकले ब्यहोर्नु पर्ने २५ प्रतिशत रकम समूहले संचालन गरेको बैक खातामा उपलब्ध गराईएको रु.७०००। (सात हजार) बीमा कोषबाट तिर्नु पर्ने छ ।

**१०. तालिम:**

जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्रले सेवा केन्द्र स्तरीय तालिम ३ पटक संचालन गर्नेछ। जिल्ला स्तरीय र क्षेत्रिय स्तरीय बाख्रा पालन तालिमहरुमा आवशकतानुसार यस कार्यक्रममा सम्लगन हुने एकल महिलाहरुलाई सहभागि गराउनु पर्नेछ।

**११. रकम खर्च तथा भुक्तानी**:

जिल्ला पशु सेवा कार्यालयमा दर्ता भएको एकल महिला कृषक समूहले समूहको बैठकको निर्णय सहित अनुदान रकमको भुक्तानी माग गर्नु पर्नेछ। यसरी रकम माग भएपछि उल्लेख भएबमोजिम बोका/बाख्रा खरिदको लागि तोकिएको रकम समूहले संचालन गरेको बैक खातामा जम्मा गरि दिनु पर्नेछ। यसरी उपलब्ध गराईएको अनुदान समूहका सदस्यलाई वितरण गरेको भर्पाई र सो बाट खरिद गरिएका बाख्रा बोकाहरुको फोटोहरु प्रमाणका लागि अभिलेख राख्नु पर्नेछ ।

**१२. कार्यक्रमको निरन्तरता:**

यस कार्यक्रमलाई निरन्तरता दिन पहिलो वर्ष कार्यक्रम प्राप्त गर्ने समूहले २ वर्ष समय पुरा भइ सकेपछी आ-आफुले प्राप्त गरेको बाख्राबाट पहिलो पटकमा जन्मिएका कम्तिमा १५ के. जि. जिवित तौल भएका बाख्रा वा पाठीहरु आफु जस्तै दोश्रो समूह (एकल महीलाहरु) लाई निशुल्क हस्तान्तरण गर्ने गरी जिल्ला पशु सेवा कार्यालय संग सम्झौता गर्नु गराउनु पर्नेछ । अन्य माथि उल्लेखित बुदा नं. ५, ६, ७, ८,९,१० को व्यवस्था जिल्ला पशु सेवा कार्यालयले आफ्नो कार्यक्रममा समाबेश गरि निक्षेपित कार्यक्रम मार्फत संचालन गर्नु पर्ने छ ।

**१३. अनुगमन**:

यस कार्यक्रमको अनुगमन पशुपन्छी विकास मन्त्रालय र मातहतका निकायहरुले गर्ने छन् ।

**१४. प्रतिबेदन**:

हरेक मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिबेदन पशु सेवा केन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु पर्दछ। जिल्ला पशु सेवा कार्यालयले क्षेत्रिय पशु सेवा निर्देशनालय र पशु सेवा विभागमा प्रगति पठाउनु पर्नेछ । चौमासिक प्रगति पशु सेवा विभागले पशुपन्छी विकास मन्त्रालयमा पठाउने पर्नेछ ।

........................

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार
पशुपन्छी विकास विकास मन्त्रालय
एकल महिला लक्षीत पशुपालन सवलीकरण कार्यक्रम

| सि.नं. | कार्यविवरण | ईकाइ | परिमाण | वजेट रु.हजार | कैफियत |
|---|---|---|---|---|---|
| | **बाख्रा वितरण कार्यक्रम** | **पटक** | **१** | **३००** | |
| १.० | समूह गठन तथा अभिमुखिकरण | पटक | १ | २.५ | |
| २.० | पशु वितरण | | | | |
| २.१ | बाख्रा खरिद | संख्या | ३० | १५० | |
| २.२ | प्रजननको लागि बोका वितरण | संख्या | १ | १५ | |
| ३.० | खोर व्यवस्थापन | संख्या | १५ | ७५ | |
| ४.० | विमा कोष | | | ७ | |
| ५ | **सेवा केन्द्र स्तरिय तालिम( प्रजनन् ,आहारा, स्वास्थ्य र खोरब्यवस्थापन)** | पटक | ३ | २३ | |
| ६. | **पशु स्वास्थ्य कार्यक्रम** | | | | |
| ६.१ | **परजीवी नियन्त्रण** | पटक | २ | ३.१ | |
| ६.२ | खोप (PPR ) | पटक | १ | १० | |
| ७ | आहारा कार्यक्रम | | | | |
| ७.१ | डालेघाँस विरुवा रोपण तथा संरक्षण | संख्या | ५०० | ५ | |
| ७.२ | भुइघाँस विरुवा वितरण | संख्या | १००० | | जिल्ला पशु सेवा कार्यालयबाट |
| ७.३ | मिनिरल ब्लक वितरण | गोटा | ६२ | ९.३ | |
| ८ | **कार्यक्रम अनुगमन तथा प्रतिबेदन** | | | | जिल्ला पशु सेवा कार्यालयबाट |
| | जम्मा | | | ३०० | |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार